This file has been cleaned of potential threats.

If you confirm that the file is coming from a trusted source, you can send the following SHA-256 hash value to your admin for the original file.

612125845479fb70a3b6abd4f6d12e9739eda93ff9cd599b0638367e3ef15e93

To view the reconstructed contents, please SCROLL DOWN to next page.

सामाजिक
# सुरक्षा खबर
सामाजिक सुरक्षा कोष
Social Security Fund
सामाजिक सुरक्षा कोषको मासिक प्रकाशन

SEP-OCT 2020 |Vol. 6 आश्विन,२०७७ www.ssf.gov.np

## लकडाउन अवधिको योगदान रकम
# जम्मा भयो
# योगदानकर्ताको खातामा



सरकारले आ.व. २०७७/७८ को बजेटमार्फत लकडाउन अवधिभरका लागि श्रमिक र रोजगारदाताको दायित्वमा रहेको सामाजिक सुरक्षा कोषमा जम्मा गर्नुपर्ने योगदान रकम सरकारले नै जम्मा गरिदिने घोषणा गरेको थियो। सोहीअनुरूप सरकारले आश्विन ४ गते निकासा गरेको ८५ करोड २३ लाख ४० हजार रकम सामाजिक सुरक्षा कोषले प्राप्त गरेको थियो। उक्त रकमलाई आवश्यक प्रकृया पुगेका योगदानकर्ता श्रमिकको खातामा जम्मा गर्ने कार्य आश्विन ५ गतेबाट नै प्रारम्भ गरिएको कोषका निर्देशक रोशन कोजूले जानकारी दिनुभयो।

यसअघि पनि मन्त्रिपरिषद्को चैत्र १६ गतेको निर्णयानुसार कोषमा श्रमिक र रोजगारदाताले जम्मा गर्नुपर्ने रकम राहतको रुपमा नेपाल सरकारबाट नै हुने व्यवस्थाअनुरुप चैत्र महिनाका लागि करिब १८ करोड ६७ हजार कोषमा निकासा भैसकेको छ। सो रकम पनि कोषमा आबद्ध भै योगदान रकम जम्मा गर्न सुरु गरेका योगदानकर्ताको नाममा यसअघि नै जम्मा गरिसकिएको छ। सरकारले यससहित चार महिनाको लगभग १ अर्ब ३ करोड रुपैयाँ अनुदानस्वरूप जम्मा गरिदिएको छ।

सरकारको यस कदमले श्रमिक तथा रोजगारदातामा उत्साह थपिएको छ। यससँगै लकडाउन अवधिमा सामाजिक सुरक्षा योजनाको योगदान रकम र श्रमिकको संख्या पनि दोब्बरले वृद्धि भएको छ। लकडाउन अवधिमा सामाजिक सुरक्षा कोषको योगदानमा आबद्ध हुने श्रमिक योगदाकर्ताको संख्या दोब्बरले बढे पनि उनीहरूको योगदान रकम भने श्रमिक र रोजगारदाताको तर्फबाट काटिएको छैन।




भित्र...............................


पेज नं. २
योगदानमा आधारित सामाजिक सुरक्षा र नेपाल
- शुशिला पौडेल


पेज नं. ५
न्यूजिल्याण्डमा सामाजिक सुरक्षाको व्यवस्था
- ऋषिराम पाण्डेय


पेज नं. ७
लकडाउनपछिको सामाजिक सुरक्षाः चुनौती र अवशर
- प्रकाश घिमिरे


पेज नं. ९
कुन अवस्थामा रकम निकाल्न पाइन्छ ?
- रोशन कोजू, पिएचडी

आलेख

# योगदानमा आधारित सामाजिक सुरक्षा र नेपाल



शुशिला पौडेल
सहायक निर्देशक, सा.सु. कोष

मानव भएर जन्मदा समान भएर जन्मने तर मृत्युपर्यन्तका अवस्थाहरूमा अवसरको अभाव, स्रोतको असमान वितरणका कारण अपमानित, अवहेलित र असहाय भएर बाँच्नुपर्ने विवशताको अन्त्य गरी सामाजिक न्याय कायम गर्न गरिने महत्पूर्ण प्रयास हो सामाजिक सुरक्षा। गरिबी निवारण, सुरक्षित भविष्य र समग्र मानवीय मर्यादा रक्षाका लागि आधारभूत आवश्यकताहरूको परिपूर्ति सुनिश्चित गर्ने कार्य नै सामाजिक सुरक्षा हो।

सामाजिक सुरक्षालाई एक मूलभूत मानव अधिकार तथा मानव विकासको नविनतम उपजको रुपमा लिइन्छ। यो व्यक्तिको अधिकार र राज्यको कर्तव्य तथा दायित्वको विषय हो। सामाजिक सुरक्षाको उद्देश्य आघात ब्यहोरेका तथा तनावमा रहेका घरपरिवारलाई सहयोग पुऱ्याउनु तथा वृद्धावस्था सुरक्षाको सुनिश्चितता गर्नु हो। साथै यसले मानव पूँजीको विकास एवम् सुधारमार्फत मानिसहरूलाई सवल बनाइ उत्पादनमूलक पुँजी जम्मा गर्न तथा भविष्यमा उनीहरूको आयआर्जनको क्षमता अभिवृद्धि गरी अन्तरपुस्तागत रुपमा हुने गरीबीको चक्रलाई तोड्ने औजारको रुपमा काम गर्दछ।

**विश्वमा सामाजिक सुरक्षा**

विश्वव्यापी परिवेशलाई हेर्दा पन्ध्रौं शताब्दीतिर बेलायतमा दान गर र गरिबलाई सहयोग गर भनिएकोमा सत्रौं शताब्दीमा आइपुग्दा नै दान गरेर वा बसेर मात्र गरिबीको स्तर वृद्धि नहुने संकेत देखिएपछि काम लगाऊ र अनिवार्य कर लगऊ भन्ने धारणा विकास भएको थियो।

सन् १८८९ मा जर्मनीबाट (वृद्धावस्था बीमा गरी) सामाजिक सुरक्षाको औपचारिक शुभारम्भ भएको थियो भने प्रथम विश्वयुद्ध र सन् १९३० को विश्वव्यापी आर्थिक मन्दीबाट ठूलो धनजनको क्षति हुनुका साथै लाखौं संख्यामा नागरिकहरू अपाङ्ग, अशक्त भइ परनिर्भरताका कारण जीवनस्तरमा पर्न गएको दुस्कर प्रभावलाई सामना गर्न राज्य कोषबाट बहन गर्नुपर्ने व्यय भारलाई समयमा नै सहज व्यवस्थापन गर्न उक्त दशकको शुरुका वर्षहरूबाट अधिकांश मुलुकहरूले सामाजिक सुरक्षा योजना कार्यक्रमको थालनी गरेको देखिन्छ। सोही समयदेखि नै ILO स्थापना भएको र विश्वभरिका कामदार तथा मजदुरहरूको सामाजिक सुरक्षा कायम गरी सामाजिक न्यायलाई प्रोत्साहन गर्ने कार्य गर्दै आएको अवस्था छ।

सन् १९३३ मा अमेरिकी राष्ट्रपति फ्र्याङ्कलिन रुजवेल्टले अमेरिकामा ठूलो संख्यामा रहेका श्रमिक वर्गको सामाजिक सुरक्षा हुनुपर्दछ भन्ने आवाज उठाएका थिए। संसद उनको विपरितमा रहेकाले सन् १९३५ मा भिटो पावर लगाएरै सामाजिक सुरक्षा ऐन लागु गराएका थिए। त्यसपश्चात अधिकांश युरोपियन मुलुकहरूले एकपछि अर्को गर्दै सामाजिक सुरक्षा लागु गर्दै गएको पाइन्छ।

नर्वे, स्वीडेन, डेनमार्क, फिनल्याण्ड र आइसल्याण्डजस्ता स्क्याण्डिभियन देशहरूले आर्थिक मन्दी हुनुपूर्व नै सामाजिक सुरक्षा योजना कार्यान्वयन गरिसकेका थिए। उदाहरणका निम्ति डेनमार्कले यस्तो योजनाअन्तर्गत सन् १८९१ मा वृद्धावस्थामा आर्थिक सहयता दिने कानुनी व्यवस्थाको सुरुवात गरेको थियो। त्यसैगरी आइसल्याण्डले सन् १९०९, स्वीडेनले सन् १९१३, नर्वेले सन् १९३६ र फिनल्याण्डले सन् १९३९ बाट वृद्धभत्ता, बीमा तथा स्वास्थ्य उपचार व्यवस्था लगायतका सामाजिक सुरक्षा योजना सञ्चालनमा ल्याएका थिए।

ILO को World Social Protection Report, 2017-19 अनुसार सन् २०१८ सम्म आइपुग्दा विश्वका अधिकांश मुलुकमा कुनै न कुनै रुपमा सामाजिक सुरक्षाका कार्यक्रम लागु गरिएका छन्। जसबाट विश्वको ४५ प्रतिशत जनसंख्या लाभान्वित भएका छन्।

अधिकांश मुलुकहरूको विश्वव्यापी सामाजिक सुरक्षाको यो लामो श्रृङ्खलालाई अध्ययन गर्दा कुनै पनि मुलुक समृद्ध भएको अवस्थामा सामाजिक सुरक्षा कार्यक्रम आएको नभइ मुलुक गरिब भएकै अवस्थामा यसको अवलम्बन गरी समृद्धितर्फ लम्किएको प्रष्ट बुझ्न सकिन्छ। यसर्थ नेपालमा पनि यसको आवश्यकता र सान्दर्भिकता बोध गरिएको हो।

नेपालमा विभिन्न नाम र प्रकृतिमा सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालनमा हुँदाहुँदै पनि मुलुकका बहुसंख्यक नागरिक सामाजिक सुरक्षा सञ्जालभित्र आउन नसकेको हुँदा स्थायी, दिगो, व्यापक दायराको सामाजिक सुरक्षालाई व्यवस्थित र विस्तारित गर्दै लैजान आ. व. २०६६/६७ देखि सामाजिक सुरक्षा करको अवधारणा ल्याई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको स्थापनाको कार्य प्रारम्भ गरियो।राज्यले नागरिकका सामू संवैधानिक रुपमा गरेको सामाजिक सुरक्षाको प्रतिबद्धतालाई मूर्त रुप दिन पनि यो शुरुवात आवश्यक थियो।

नेपालको संविधान, २०७२ को मर्यादित श्रमको अवधारणा अनुरुप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने नीति अंगिकार गरेअनुरुप सामाजिक सुरक्षाको सञ्चालन र व्यवस्थापन गर्न सामाजिक सुरक्षा कोष (व्यवस्थापन तथा

सञ्चालन) नियमावली, २०६७ बमोजिम सामाजिक सुरक्षा कोष स्थापना भएको हो।

योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई राज्यका नीति तथा कार्यक्रमहरूमा प्राथमिकताका साथ उल्लेख गरिसकेको हुँदा संविधानको मूल मर्मलाई मूर्त रुप दिई समृद्ध नेपाल सुखी नेपालीको ध्येयलाई साकार पार्न बि. सं. २०७५/८/११ मा सामाजिक सुरक्षा कार्यक्रमको औपचारिक शुभारम्भ गरियो।

सुमधुर श्रम सम्बन्ध, गरिबी निवारण र औधोगिक स्थिरताका लागि सहयोग हुने हुँदा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ कार्यान्वयनमा आइसकेको छ।

कामदार तथा कर्मचारीहरूको सामाजिक सुरक्षालाई संस्थागत रुपमा सुनिश्चित गर्ने गरी अन्तर्राष्ट्रिय श्रम संगठनले सन् १९५२ मा The Social Security (Minimum Standards) Convention, 1952 No. 102 पारित गरी सामाजिक सुरक्षाका ९ वटा विषयहरू (औषधोपचार सुविधा, बिरामी हुँदाको सुविधा, बेरोजगार सुविधा, वृद्धावस्थाको सुविधा, रोजगारीमा हुने दुर्घटना र चोटपटक बापतको सुविधा, परिवार र बालबच्चाको हेरचाह सुविधा, मातृत्व सुविधा, अशक्तता सुविधा, आश्रित परिवार हेरचाह सुविधा) मा न्यूनतम मापदण्डहरू निर्धारण गरेको छ। जसका ७ वटा विषयहरू (औषधी उपचार तथा स्वास्थ्य सुरक्षा योजना, मातृत्व सुरक्षा योजना, दुर्घटना सुरक्षा योजना, अशक्तता सुरक्षा योजना, वृद्ध अवस्था सुरक्षा योजना, बेरोजगार सहायता योजना) लाई नेपालले सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ बमोजिम कार्यान्वयन गरिरहेको छ।

**योगदानमा आधारित सामाजिक सुरक्षाको औचित्य**

लोकतान्त्रिक शासन व्यवस्थाका आकांक्षा तथा संकल्पहरूलाई मूर्तता दिन र समतामूलक समाजको निर्माण गरी राष्ट्रिय विकासमा उल्लेखनीय योगदान गर्नका लागि वर्तमानमा योगदानमा आधारित सामाजिक सुरक्षाको अपरिहार्यता देखिन्छ।

नेपाल सरकारको आ. व. २०७७/७८ को नीति तथा कार्यक्रममा पनि योगदानमा आधारित सामाजिक सुरक्षका योजनाहरू कार्यान्वयनमा ल्याइ सोको दायरा अझ बढाउँदै लगिने विषय उल्लेख गरिएको छ। साथै आ. व. ०७७/७८ को बजेट बक्तव्यमा पनि "लोककल्याणकारी राज्यव्यवस्था निर्माण गर्दै सामाजिक न्यायसहितको समृद्धि हासिल गर्न सबै नागरिकलाई गर्भावस्थादेखि वृद्धा अवस्थासम्मको जीवनचक्रलाई सामाजिक सुरक्षमा आबद्ध गरिनेछ" भन्ने व्यवस्था उल्लेख भएकाले योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम नेपाल सरकारको प्राथमिकतामा रहेको सहजै आँकलन गर्न सकिन्छ।

नेपाल सरकारका विभिन्न निकायहरूबाट विभिन्न लक्षित समूहहरूलाई खाद्यन्न, पोषण, कृषि, स्वास्थ्य, शिक्षा, श्रम तथा रोजगारीका क्षेत्रहरूमा सामाजिक सुरक्षा र संरक्षण कार्यक्रम सञ्चालन गरिरहेका छन्। आ. व. २०७७/७८ मा कुल संघीय बजेटको ४.२२ प्रतिशत रकम अर्थात ६४ अर्ब ५० करोड सामाजिक सुरक्षा कार्यक्रमका लागि विनियोजन गरिएको छ। जसले गर्दा राज्य कोषमाथि व्ययभार तथा बोझ बढ्दै गएको र मुलुकको आर्थिक विकास एवं सन्तुलनमा नकरात्मक प्रभाव पर्ने भएकाले नै योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली समृद्ध राष्ट्र र खुसी अनि सुखी नेपाली निर्माण गर्ने सरकारको राष्ट्रिय आकांक्षा पुरा गर्ने एक प्रमुख कडी हो भन्न सकिन्छ।

सरकार, रोजगारदाता एंव योगदानकर्ता श्रमिक संगठनको त्रिपक्षीय सहभागिता एवं समझदारीबाट आएको यस कार्यक्रमलाई सफल बनाइ समृद्ध मुलुकको निर्माण गर्नु सबैको दायित्व हो। सन् २०३० सम्म सबैका लागि सामाजिक सुरक्षा भन्ने संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्य पुरा गर्नका लागि नेपालले हस्ताक्षर गरेको, अन्तर्राष्ट्रिय श्रम संगठन जस्ता अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रतिबद्धता व्यक्त भएको र नेपालको संविधानले नै श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने भनी संवैधानिक हकका रुपमा प्रत्याभत गरेका




कारणहरूले पनि योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम आम जनताको जीवन सुरक्षा र सन्तुष्टि अनि जीवनको उत्तरार्धको सारथी तथा बैशाखी हो भन्न सकिन्छ।

योगदानमा आधारित सामाजिक सुरक्षा योजना नेपालको सन्दर्भमा नितान्त नयाँ कार्यक्रम हो। २०७६ साउन १ गतेबाट मात्रै सामाजिक सुरक्षा कोषमा सूचीकरण गर्ने कार्य आरम्भ भएको हो। यस कार्यक्रमको मुख्य उद्देश्य भनेकै आम जनतामा सामाजिक सुरक्षाको हक प्रत्याभूत तथा श्रमसम्बन्धी हकको संबोधन गरी सामाजिक न्याय कायम गर्नु हो। नेपालको संविधानले नै मुलुक समाजवाद उन्मुख हुने भनी मार्गनिर्देश गरेको छ। योगदानमा आधारित सामाजिक सुरक्षा योजनामार्फत औपचारिक तथा अनौपचारिक क्षेत्रमा रहेका सम्पूर्ण श्रमिकहरूलाई सामाजिक र आर्थिक लगायतका जोखिमबाट मुक्त गरी मर्यादित जीवनयापन एवं सुरक्षित भविष्य निर्माणमा सामाजिक सुरक्षा कोषले प्रभावकारी भूमिका खेल्नुपर्दछ।

विश्वव्यापी रुपमा शुरुवात भएको १३७ वर्षपछिमात्र नेपालमा लागु गरिएको नयाँ कार्यक्रम भएको हुँदा सकारात्मक तथा नकरात्मक तरिकाबाट विभिन्न टिकाटिप्पणी हुनु स्वभाविकै हो। हामी नेपाली गरिब राष्ट्रका गरीब जनता भनी कतिञ्जेल बाँच्नुपर्ने हो भन्ने प्रश्न खडा भएको अवस्थालाई चिर्नका लागि पनि अहिलेको समयमा योगदानमा आधारित सामाजिक सुरक्षा योजना अपरिहार्य रहेको छ। सामाजिक सुरक्षा कोषमा पछिल्ला दिनहरुमा योगदानकर्ताहरुको आबद्दता हुने क्रम बढ्नुले पनि यस कार्यक्रमको उपादेयतालाई थप मजबुत बनाएको छ। ***

## कोषका रोजगारदाता, योगदानकर्ता श्रमिक, अन्य सरोकारवाला तथा सम्पूर्ण नेपालीहरुलाई विजयादशमी २०७७ को उपलक्ष्यमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।



तोयम राया
अध्यक्ष
सामाजिक सुरक्षा कोष

कपिलमणि ज्ञवाली
कार्यकारी निर्देशक
सामाजिक सुरक्षा कोष

तथा सम्पूर्ण सामाजिक सुरक्षा कोष परिवार

अन्तर्राष्ट्रिय अभ्यास

# न्यूजिल्याण्डमा सामाजिक सुरक्षाको व्यवस्था



ऋषिराम पाण्डेय
प्रशासकीय अधिकृत, सा.सु. कोष

खुला अर्थव्यवस्था भएको न्यूजिल्याण्डको अर्थतन्त्र स्वतन्त्र व्यापारको सिद्धान्तमा संचालित छ । अन्तर्राष्ट्रिय व्यापार मुख्य आम्दानीको श्रोत रहेको न्यूजिल्याण्डमा कृषि अर्को महत्वपूर्ण क्षेत्रको रुपमा स्थापित छ । सन् २०१९ को Ease of doing Business सूचकांकमा विश्वमा नै पहिलो नम्बरमा रहेको न्यूजिल्याण्डले अन्य आर्थिक सूचकांकहरूमा पनि आफूलाई अब्बल सावित गर्दै आएको छ ।

विकसका दृष्टिकोणले अग्रपङ्तिमा रहेको न्यूजिल्याण्ड आर्थिक रुपले मात्र नभई सामाजिक रुपले पनि उत्तिकै समृद्ध रहेको छ। यसैले पनि न्यूजिल्याण्डमा विश्व श्रम संगठनले अघि सारेका सामाजिक सुरक्षाका मापदण्डहरूलाई धेरै हदसम्म लागू गर्ने प्रयास गरेको पाइन्छ। न्यूजिल्याण्डमा पहिलो सामाजिक सुरक्षा कानुनको रुपमा वृद्ध अवस्था निवृत्तिभरण सम्बन्धी कानुन सन् १८९८ मा जारी भएको थियो। त्यसपछि एकल महिला निवृत्तिभरण सम्बन्धी कानुन आयो। विश्वमा सामाजिक सुरक्षा कार्यक्रमको अभ्यासको क्रम चलिरहँदा न्यूजिल्याण्डले पनि यसलाई सुरुवाती दिनहरूमा नै लागू गर्ने प्रयास गरेको देखिन्छ। सामाजिक सुरक्षाको सुन्दर ढंगले अभ्यास भएका देशको रुपमा पनि न्यूजिल्याण्डलाई लिइन्छ।

न्यूजिल्याण्डमा सामाजिक सुरक्षाका देहायका योजनाहरू लागू भएका छन्

१. वृद्ध अवस्था सुरक्षा योजना
२. रोजगारीजन्य दुर्घटना
३. आश्रित परिवार सुरक्षा योजना
४. अन्तिम संस्कार अनुदान
५. औषधि उपचार तथा मातृत्व सुरक्षा योजना
६. बेरोजगार सुविधा

## वृद्ध अवस्था सुरक्षा योजना

यो योजना एउटा महत्त्वपूर्ण सामाजिक सुरक्षाको पाटो हो र यही योजनाबाट नै न्यूजिल्याण्डको सामाजिक सुरक्षाको सुरुवात भएको थियो।

यस योजनाका शर्तहरू यसप्रकार छन्

१. उमेर ६५ वर्ष पुगेको हुनुपर्ने।
२. १० वर्ष लगातार न्यूजिल्याण्डमा बसेको हुनुपर्ने।
३. न्यूजिल्याण्डमा २० वर्षदेखि भौतिक उपस्थिति भएको र ५० वर्षको उमेरपछि कम्तिमा ५ वर्ष न्यूजिल्यण्डमा बसोबास गरेको हुनुपर्ने।
४. आवेदन दिने समयमा न्यूजिल्याण्डको निवासी हुनुपर्ने

यसमा सम्पत्ति वा आम्दानीको टेष्ट हुँदैन (आफ्नो पेन्सनमा जीवनसाथी पेन्सनका लागि अयोग्य भएको चयन गरेका आवेदनकर्ता बाहेकलाई।)

देशभन्दा बाहिरका लागि भने २६ हप्ताको मात्र पेन्सन दिन सकिन्छ। त्यस्तो पेन्सन प्राप्त गर्ने व्यक्ति ३० हप्ताभन्दा बढी न्यूजिल्याण्डमा बसेमा त्यस्तो व्यक्तिलाई २६ हप्ताभन्दा बढी पेन्सन प्रदान गर्न सकिन्छ । त्यो कुरा पेन्सन प्राप्त गर्ने व्यक्ति न्यूजिल्याण्डमा बसेको समय, पारस्परिक सम्झौता र कानुनमा आधारित हुन्छ।

वृद्ध अवस्था सुरक्षा योजना विभिन्न अवस्थामा रहेका व्यक्तिहरूलाई निम्नानुसारको पेन्सन सुविधा प्रदान गरिन्छ।

| | |
|---|---|
| न्यूजिल्याण्ड डलर ४००.८७ प्रति हप्ता | अविवाहित भएर एक्लै बसेमा |
| न्यूजिल्याण्ड डलर ३७०.०३ प्रति हप्ता | अविवाहित भएर कोठा सेयर गरेर बसेमा |
| न्यूजिल्याण्ड डलर ३०८.३६ प्रति हप्ता | विवाहित भएमा |

यस्तो सुविधा हरेक वर्ष अप्रिल १ तारिखमा अघिल्लो वर्षको उपभोक्ता मूल्य सूचकांकका आधारमा समायोजन गरिन्छ।

## औषधि उपचार र मातृत्व सुविधा

जागिर गर्ने र स्वरोजगारमा संलग्न भएका जो वैधानिक रुपमा कम्तिमा २ वर्षसम्म न्यूजिल्याण्डमा बसेका बासिन्दाहरूलाई यो सुविधा प्रदान गरिन्छ।

| | |
|---|---|
| न्यूजिल्याण्ड डलर २१५.३४ सम्म प्रति हप्ता | अविवाहित २५ वर्ष वा सोभन्दा माथि उमेर भएको र अविवाहित बच्चा नभएमा |
| न्यूजिल्याण्ड डलर १७९.४४ प्रति हप्ता | २० देखि २४ वर्षसम्म उमेर भएमा वा १८ वा १९ वर्षका घरबाट टाढा बसेका व्यक्तिहरू |
| न्यूजिल्याण्ड डलर १४३.५५ प्रति हप्ता | १८ वा १९ वर्षका र बाबुआमासँग बसेका |
| न्यूजिल्याण्ड डलर ३३४.०५ सम्म प्रति हप्ता | अविवाहित बच्चासहित |
| न्यूजिल्याण्ड डलर १९२.२५ प्रति व्यक्ति प्रति हप्ता | विवाहित बच्चसहित |
| न्यूजिल्याण्ड डलर १७९.४४ प्रति व्यक्ति प्रति हप्ता | विवाहित बच्चा नभएमा |

मातृत्व सुविधा गर्भधारण भएको २६ हप्तापछि (यदि गर्भधारणका कारणले काम गर्न नसक्ने अवस्था भएमा बिरामी भएमा र अपाङ्ग भएमा त्योभन्दा पहिला पनि प्रदान गरिन्छ ।) यस्तो सुविधा बच्चा जन्मिएको १३ हप्तासम्म लम्बिन सक्छ ।
यसको सुविधा पनि औषधि उपचारको रकम सरह नै प्रदान गरिन्छ ।
आश्रित परिवारलाई पनि श्रमिकलई जति नै सुविधा प्रदान गरिन्छ ।

## आश्रित परिवार सुविधा

| | |
|---|---|
| न्यूजिल्याण्ड डलर २१५.३४ सम्म प्रति हप्ता | बच्चा नभएमा |
| न्यूजिल्याण्ड डलर ३३४.०५ प्रति हप्ता वा<br>न्यूजिल्याण्ड डलर २२४.२८ प्रति हप्ता | बच्चा भएमा<br>यदि सुविधा सन् २०१३ जुलाई १५ भन्दा अघि सुरु भएमा |

आश्रित परिवार अन्तर्गत अन्तिम संस्कार अनुदान न्यूजिल्याण्ड डलर २५१६.१९ सम्म प्रदान गरिन्छ । यस्तो सुविधा हरेक वर्ष अप्रिल १ तारिखमा अघिल्लो वर्षको उपभोक्ता मूल्य सूचकांकका आधारमा समायोजन गरिन्छ ।

## रोजगारीजन्य दुर्घटना

यसअन्तर्गत रोजगारीका सिलसिलामा हुने दुर्घटना र रोजगारीजन्य रोग पर्दछन् । रोजगारीजन्य दुर्घटनामा दुई कुरा महत्वपूर्ण हुन्छन् ।

१. अस्थाइ अपाङ्गता
२. स्थायी अपाङ्गता

### अस्थाइ अपाङ्गता


यस्तो सुविधा श्रमिकको खुद साप्ताहिक औषत आम्दानीको ८०% प्राप्त हुन्छ । असक्षम हुनुभन्दा पहिलादेखि काममा नफर्किएसम्म प्रदान गरिन्छ ।

### स्थायी अपाङ्गता सुविधा

यसमा एकमुष्ट रकम र आश्रित परिवार सुविधा प्रदान गरिन्छ । आश्रित परिवारले नियमित रुपमा रकम प्राप्त गर्दछन् ।

## बेरोजगारी सुविधा

यस्तो सुविधा पाउनेमा न्यूजिल्याण्डका नागरिक र न्यूजिल्याण्डका स्थाइ बासिन्दाहरू पर्दछन् । यो सुविधा प्राप्त गर्न उमेर १८ वर्ष अथवा सोभन्दा माथि हुनुपर्छ । यदि आश्रित सन्तान भएमा २० वर्ष अथवा सोभन्दा माथि हुनुपर्छ । यो सुविधा निम्नानुसार प्रदान गरिन्छः



| | |
|---|---|
| न्यूजिल्याण्ड डलर २१५.३४ सम्म प्रति हप्ता | अविवाहित २५ वर्ष वा सोभन्दा माथि उमेर भएको र अविवाहित बच्चा नभएमा |
| न्यूजिल्याण्ड डलर १७९.४४ प्रति हप्ता | २० देखि २४ वर्षसम्म उमेर भएमा वा १८ वा १९ वर्षका घरबाट टाढा बसेका व्यक्तिहरू |
| न्यूजिल्याण्ड डलर १४३.५५ प्रति हप्ता | १८ वा १९ वर्षका र बाबुआमासँग बसेका |
| न्यूजिल्याण्ड डलर ३३४.०५ सम्म प्रति हप्ता | अविवाहित बच्चासहित |
| न्यूजिल्याण्ड डलर १९२.२५ प्रति व्यक्ति प्रति हप्ता | विवाहित बच्चसहित |
| न्यूजिल्याण्ड डलर १७९.४४ प्रति व्यक्ति प्रति हप्ता | विवाहित बच्चा नभएमा |



दृष्टिकोण

# लकडाउनपछिको सामाजिक सुरक्षाः चुनौती र अवसर




प्रकाश घिमिरे
प्रशासकीय अधिकृत, सा.सु.कोष

विश्व महामारी कोभिड–१९ ले ठूला शक्ति राष्ट्रसँगै नेपालजस्ता विकासोन्मुख देशलाई पनि प्रत्यक्ष प्रभाव पारेको छ । कोभिड–१९ को संक्रमण फैलिन नदिन र आफ्ना नागरिकको सुरक्षा गर्न नेपाल सरकारले २०७६ चैत्र ११ देखि विभिन्न चरण र मोडेलमा २०७७ श्रावण ६ सम्म लकडाउन कायम राख्यो । यो समयमा देशभित्र उद्योगधन्दा, कलकारखाना, यातायात, मनोरञ्जन लगायतका क्षेत्रहरू ठप्प भए । धैरैको रोजगारी गुम्यो । बैङ्कबाट ऋण लिएर व्यवसाय गर्नेहरू बढी मारमा परेको भेटियो । तर देशमा कृषि क्षेत्रको उत्पादन बढेको पाइयो, परम्परागत कृषिले केही राहत महसुस गऱ्यो र आयातमा केही कमी आउँदा व्यापार घाटा पनि केही घट्दो देखियो । यो समग्र अवस्थासँगै धैरैले कम ध्यान दिएको सामाजिक सुरक्षाको क्षेत्रमा भने केही महत्वपूर्ण तथा रचनात्मक उपलब्धिहरू भए ।

यस अवधिमा सामाजिक सुरक्षा कोषमा सहभागी हुने रोजगारदाताको संख्या र योगदानकर्ताको संख्यामा उल्लेख्य वृद्धि हुन पुग्यो । नियमित योगदान गर्नेको संख्यामा झण्डै ७० प्रतिशतले वृद्धि भयो । सामाजिक सुरक्षा कोषमा योगदान गरिरहेका योगदानकर्ताको चैत्रदेखि असारसम्म चार महिनाको योगदान नेपाल सरकार आफैले गर्ने निर्णय गर्यो भने लकडाउन अवधिमा पनि सामाजिक सुरक्षा कोषले निरन्तर सेवा प्रवाह गर्दै सेवाग्राहीको सेवामा कुनै कसर बाँकी राखेन ।

उल्लेखित प्रतिनिधिमूलक कार्यहरू सामाजिक सुरक्षाको अग्रसरता र आम जनमानसको चासोको विषय बनेको प्रष्ट हुन्छ । तसर्थ आगामी दिनमा सामाजिक सुरक्षालाई अझ परिष्कृत गर्दै अगाडि बढेको सवालमा हामी निम्न अवसरहरू देख्न सक्छौः

- लकडाउनले श्रम बजारमा उत्पादन र सेवामूलक उद्योग दुवैलाई प्रत्यक्ष असर पारे पनि सरकारले उपलब्ध गराएको चार महिना योगदान राहतले केहि हदसम्म सहयोग पुग्ने र ती उद्योगहरू फेरि उत्पादनमा जुट्ने एवं कोषको सकम संकलन सुचारु हुने देखिन्छ ।
- सामाजिक सुरक्षा कोषमा योगदान नगर्नेहरूले पनि अब थप सोधपुछ र सुविधा सम्बन्धमा जानकारी लिइरहेका छन् । यसले सामाजिक सुरक्षालाई महत्व दिई आगामी दिनमा सूचीकरणमा वृद्धि देखिने अवस्था छ ।
- आम सरोकारवालाहरूको माग र आकांक्षालाई कानुन संशोधनमार्फत सम्बोधन गर्ने गरी सामाजिक सुरक्षा ऐन, २०७४ ,



योजना सञ्चालन कार्यविधि, २०७५ लगायत संशोधनको क्रममा रहेको हुनाले कोषमा थप आकर्षण देखिने सुनिश्चित छ।

- १५ औं योजनाले सामाजिक सुरक्षा कार्यक्रम र योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत गरि सामाजिक सुरक्षा कोषको पुनर्संरचना गर्ने योजना राखी त्यसका लागि कार्यदल समेत गठन गरी अनुसन्धान अगाडि बढाएको छ जसले कोषको क्षेत्राधिकार थप हुने र आम जनतासम्म कोष पुग्न सक्ने अवसर सिर्जना हुने देखिन्छ।

उल्लेखित अवसरका बावजुद यसका देहायबमोजिम चुनौति कोषसामु देख्न सकिन्छ।

- कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषका कतिपय कामहरू ऐनबाट नै बाझिएकाले त्यसलाई फुकाई स्पष्टता हासिल गर्नु।
- आम उद्योगहरू कोरोना महामारीसँगै लकडाउनले धरासायी हुँदा त्यसलाइ उठाउनु र कोषमा आबद्ध गराउनु।
- सुविधा योजनाहरूमा परिवार स्वास्थ्य र बेरोजगार सहायता योजनालगायत थप गरि योजनालाई थप आकर्षक बनाउनु।
- २०७७/७८ को बजेटले ५ लाख योगदानकर्ता र ५० हजार रोजगारदाताको आबद्धता कोषमा गराउने लक्ष्य राखेको छ, त्यसलाई हासिल गर्नु।

कोषको सेवा सुविधा र सुरक्षा योजना सम्बधनमा आम सरोकारवालाहरूलाई सत्य, विश्वसनीय र यथार्थ सूचना सम्प्रेषण गरी सुरक्षा योजनामा सहभागी गराउनु लगायत योगदानमा आधारित सामाजिक सुरक्षा योजनाले देशको बजेटमा चालु खर्चलाई घटाई पुँजीगत खर्च बढाउने गरी दिर्घकालीन लक्ष्य राखेको देखिन्छ। जसले अर्थतन्त्रमा निकै सकरात्मक परिवर्तन र समृद्ध नेपाल, सुखी नेपालीको नारा चरितार्थ हुने विश्वास गर्न सकिन्छ।

* * * * * * * * * * * * * * *



बारम्बार सोधिने प्रश्नहरु

# कुन अवस्थामा रकम निकाल्न पाइन्छ?



रोशन कोजू, पि.एच.डी
निर्देशक, सा.सु.कोष

सामाजिक सुरक्षा कोषमार्फत योगदानमा आधारित सामाजिक सुरक्षाका विभिन्न कार्यक्रमहरु कार्यान्वयनमा आएसँगै निकै पटक सोधिने गरेको प्रश्न हो : जम्मा गरेको पैसा एकमुष्ट निकाल्न कहिले पाइन्छ ? कि पाइदैन ? यस आलेखमा यही प्रश्नको जवाफ प्रष्ट पार्ने कोसिस गरिएको छ |

कोषमा जम्मा हुने ३१% रकममध्ये २८.३३% रकम अवकाश तथा निवृत्तिभरणका लागि हो भने बाँकी २.६७% रकम विभिन्न बीमा योजनाहरुका लागि हो | ऐनको प्रावधान अनुसार योगदानकर्ता ६० बर्ष उमेरको भइसकेपछि मात्र निवृत्तिभरणका लागि योग्य हुन्छ | ६० बर्षको उमेर काटेपछि नियमित रुपमा मासिक पेन्सनको सुबिधा पाउने व्यवस्था छ | तर यस्ता केही प्रावधान पनि छन् जसअनुसार २८.३३% मा जम्मा भएको पुरै रकम र प्रतिफलस्वरुप जम्मा हुने रकम एकमुष्ट निकाल्न मिल्ने व्यवस्था छ | निम्न अवस्थामा २८.३३% रकम र सोको प्रतिफल एकमुष्ट निकाल्न मिल्छ :

## निवृत्तिभरण योजना लागु हुनु अगावै रोजगारीमा रहेका योगदानकर्ताले एकमुष्ट रकम निकाल्न पाउने

सामाजिक सुरक्षा योजना संचालन कार्यविधि, २०७५ (पहिलो संसोधनसहित) को वृद्धावस्था सुरक्षा योजनाअन्तर्गत दफा २३ को अवकाश सुविधाको उपदफा १ मा कोषको निवृत्तिभरण योजना अगाबै रोजगारीमा रहेका योगदनाकर्ताले निवृत्तिभरणका लागि निवेदन नदिएमा कोषमा जम्मा भएको २८.३३% बराबरको सम्पूर्ण रकम र सोको लगानीबाट प्राप्त प्रतिफलसमेत जोडी हुन आउने रकम निज अवकाश हुँदा एकमुष्ट भुक्तानी पाउने व्यवस्था गरेको छ |

## १८० महिनाको योगदान नगर्दै साठी बर्ष उमेर पुरा भएमा एकमुष्ट रकम दाबी गर्न पाउने

सामाजिक सुरक्षा योजना संचालन कार्यविधि, २०७५ (पहिलो संसोधनसहित) को वृद्धावस्था सुरक्षा योजनाअन्तर्गत दफा २२ को निवृत्तिभरण पाउन योग्य हुने अवस्थाको उपदफा २ मा योगदानकर्ताले १८० महिनाको योगदान नगर्दै साठी बर्ष उमेर पुरा भएको रहेछ भने त्यस्तो योगदनकर्ताले कोषमा जम्मा भएको २८.३३% बराबरको सम्पूर्ण रकम र सोको लगानीले प्राप्त प्रतिफलसमेत जोडी हुन आउने रकम निज अवकाश हुँदा एकमुष्ट भुक्तानी पाउने वा मासिक पेन्सनमा जान पाउने व्यवस्था गरेको छ |

## नेपाली नागरिकता त्यागी विदेशी नागरिकता लिएको सप्रमाण निवेदन दिएमा विदेशीसरह एकमुष्ट दाबी गर्न पाउने

सामाजिक सुरक्षा योजना संचालन कार्यविधि, २०७५ (पहिलो संसोधनसहित) को वृद्धावस्था सुरक्षा योजनाअन्तर्गत दफा २४ (क) अनुसार विदेशी नागरिकले रकम फिर्ता लैजान सक्नेछ भने उपदफा ३ मा कुनै नेपाली नागरिकले नेपालको नागरिकता त्यागी विदेशी नागरिकता लिएमा सोको प्रमाणसहित निवेदन दिएमा उक्त योगदानकर्ताले विदेशी नागरिकसरह वृद्धावस्था अवस्था सुविधा योजनाबमोजिम पाउने रकम फिर्ता लैजान पाउने प्रावधान छ |

## निवृत्तिभरण प्राप्त गर्ने उमेर नपुग्दै मृत्यु भएमा निजको हकवालालाई एकमुष्ट रकम प्रदान गरिने

सामाजिक सुरक्षा योजना संचालन कार्यविधि, २०७५ (पहिलो संसोधनसहित) को वृद्धावस्था सुरक्षा योजनाअन्तर्गत दफा २१ को निवृतिभरण योजनाअन्तर्गत पाउने सुविधाको उपदफा 'ख' मा कुनै योगदनकर्ताको सुविधा प्राप्त गर्ने उमेर नपुग्दै मृत्यु भएमा निजको हकवालालाई निजले कोषमा जम्मा गरेको २८.३३% बराबरको सम्पूर्ण रकम र सोको लगानीबाट प्राप्त प्रतिफलसमेत जोडी हुने कुल रकम एकमुष्ट प्रदान गरिने व्यवस्था छ |

यी बाहेक अन्य अवस्थामा एकमुष्ट रकम निकाल्न मिल्ने प्रावधान हालको कार्यविधिमा उपलब्ध छैन | यद्यपि हाल कार्यान्वयनमा रहेको योजना सञ्चालन कार्यविधि संशोधनको क्रममा रहेकाले विद्यमान प्रावधानमा केही परिवर्तन हुन सक्ने सम्भावना छ । हालको व्यवस्थालाई थप योगदानकर्तामैत्री बनाउनका लागि कार्यविधिमा गर्न लागिएको संशोधनले योगदानकर्ता श्रमिक अवकाश हुँदाका बखत निजले चाहेमा २८.३३ प्रतिशतमध्ये केही अंश निकाल्न पाउने गरी प्रस्ताव गरिएको छ ।

# हरघडी, हरपल

# साथ सधैंभरीलाई......



## हार्दिक समवेदना



जन्म : २०५०/११/०९ स्वर्गारोहण : २०७७/०२/१३

सामाजिक सुरक्षा कोषमा योगदान गर्दै आउनुभएका वासेश्वर १, सिन्धुली निवासी स्व. श्री सञ्जु श्रेष्ठको असामयिक निधनप्रति गहिरो समवेदना प्रकट गर्दछौं।

**सामाजिक सुरक्षा कोष**

बबरमहल, काठमाण्डौ

## हार्दिक समवेदना



जन्म : २०२६/१०/२७ स्वर्गारोहण : २०७६/१०/२२

सामाजिक सुरक्षा कोषमा योगदान गर्दै आउनुभएका बैजनाथ गा.पा. बाँके निवासी स्व. श्री निर्मल कुमार थापाको असामयिक निधनप्रति गहिरो समवेदना प्रकट गर्दछौं।

**सामाजिक सुरक्षा कोष**

बबरमहल, काठमाण्डौ

## हार्दिक समवेदना



जन्म : २०३८/११/२४ स्वर्गारोहण : २०७७/४/१२

सामाजिक सुरक्षा कोषमा योगदान गर्दै आउनुभएका लिखु ४, ओखलढुङ्गा निवासी स्व. श्री दलबहादुर खड्का असामयिक निधनप्रति गहिरो समवेदना प्रकट गर्दछौं।

**सामाजिक सुरक्षा कोष**

बबरमहल, काठमाण्डौ

## हार्दिक समवेदना



जन्म : २०३८/११/२४ स्वर्गारोहण : २०७७/४/१२

सामाजिक सुरक्षा कोषमा योगदान गर्दै आउनुभएका पलाँसे ९, भक्तपुर निवासी स्व. श्री सञ्जिव कुमार थापाको असामयिक निधनप्रति गहिरो समवेदना प्रकट गर्दछौं।

**सामाजिक सुरक्षा कोष**

बबरमहल, काठमाण्डौ

## कोषका गतिविधिहरू

# सामाजिक सुरक्षा कोषको भुक्तानी अनलाइनबाटै

सामाजिक सुरक्षा कोषको भुक्तानी अनलाइनबाटै हुने व्यवस्था भएको छ। कोषले सूचना जारी गर्दै राष्ट्रिय वाणिज्य बैङ्कमार्फत एनसीएचएलको नेसनल पेमेन्ट्स इन्टरफेसमार्फत योजना तथा कार्यक्रमसम्बन्धी भुक्तानी अनलाइनबाट सोझै लाभग्राहीको बैङ्क खातामा जम्मा गर्ने व्यवस्था गरेको जनाएको हो । उपदानसम्बन्धी भुक्तानीका साथै आश्रित परिवार, दुर्घटना र अशक्तता सुरक्षा योजना, औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनालगायत भुक्तानी अनलाइनबाट सुरु गरिएको छ । लाभग्राहीको दाबी अनुरोधसँगै बुझाइएको बैङ्क खाता विवरण अनुरूप अनलाइन भुक्तानी प्रदान गरिनेछ। पहिले चेकमार्फत गर्ने गरिएका यी भुक्तानी अब पूर्ण स्वचालित रूपमा अनलाइनबाटै हुनेछ ।

रोजगारदाताले कोषको अनलाइन प्रणालीमा आफूलाई रजिस्टर गराई आफ्ना श्रमिकका हकमा गर्ने योगदानमा आधारित रकम सङ्कलन गत वर्षदेखि नै कनेक्ट आईपीएस, ईपेमेन्ट सदस्य बैङ्क– वित्तीय संस्थाका शाखामार्फत नेपाल बैङ्कमा रहेको खातामा गर्दै आएको छ।

## आश्विन २६ सम्ममा कोषमा आबद्ध रोजगारदाता, योगदानकर्ता र जम्मा योगदान रकमको विवरण

## श्रावण मसान्तसम्ममा कोषमा आबद्ध रोजगारदाता, योगदानकर्ता र जम्मा रकमको विवरण

| अवधि | रोजगारदाता | योगदानकर्ता | जम्मा योगदान रकम(रु) | बीमा दाबी भुक्तानी शीर्षक | संख्या |
|---|---|---|---|---|---|
| २०७६- श्रावण मसान्तसम्म | ४२३२ | ३२५७५ | - | औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा दाबी भुक्तानी | ४३० |
| २०७६- भाद्र मसान्तसम्म | ४९१५ | ५२७२२ | १५८०७५६४.९ | | |
| २०७६- आश्विन मसान्तसम्म | ८४४२ | ९३९६० | ६६५२६८१६.९ | | |
| २०७६- कार्तिक मसान्तसम्म | ९३५९ | १०५९८९ | १४१९१५१६८.२ | | |
| २०७६- मंसिर मसान्तसम्म | ११७९६ | १३१५१९ | २८२३९५३५३.८ | दुर्घटना तथा असक्तता दाबी भुक्तानी | ३४ |
| २०७६- पौष मसान्तसम्म | १२०३४ | १३६८४७ | ४३१७६२७०६. | | |
| २०७६- माघ मसान्तसम्म | १२१४८ | १४५३८३ | ६२१३७५९१२.३ | | |
| २०७६- फाल्गुन मसान्तसम्म | १२२८७ | १५१९०८ | ७८१४६५३५९.८ | आश्रित परिवार सुरक्षा दाबी भुक्तानी | १५ |
| २०७६- चैत्र मसान्तसम्म | १२३२० | १५६६४८ | ८८६११७३९०.६ | | |
| २०७७- वैशाख मसान्तसम्म | १२३३५ | १५७९१६ | १०२१६०००२३.४६ | | |
| २०७७- जेष्ठ मसान्तसम्म | १२३६० | १६१५८८ | १२०६४८२७३१.६४ | उपदान दाबी भुक्तानी | २३ |
| २०७७- आषाढ मसान्तसम्म | १२४७९ | १६८२४२ | १६१६८३९७६८.९४ | | |
| २०७७- श्रावण मसान्तसम्म | १२६१७ | १७१२५४ | १६७ ००६६१२३.९ | | |
| २०७७- भाद्र मसान्तसम्म | १२६९७ | १७४४७४ | १७८.१७ करोड | कुल दाबी भुक्तानी रकम | १०५१२९११.६ |
| २०७७- आश्विन २६ सम्म | १२८१८ | १७७०२६ | २७७.१२ करोड | | |


*संरक्षक :*

*कपिलमणि ज्ञवाली*

*सल्लाहकार :*

*विवेक पन्थी*

*सम्पादन समूह:*

*रोशन कोजु, पि.एच.डी.*

*दिनेशकुमार कोइराला*

*दिपकराज भट्ट*

*कम्प्युटर ले-आउट तथा डिजाइन:*

*आनन्द वंश न्यौपाने*

*भाषा सम्पादन तथा शुद्धाशुद्धि:*

*ऋषिराम पाण्डेय*



*सामाजिक सुरक्षा कोष*

*बबरमहल, काठमाडौं ,नेपाल*

*फोन: ४२५६१४४ र ४२५६३१५*

*ई-मेल:* media@ssf.gov.np

*वेबसाइट:* www.ssf.gov.np





@ssfnepal2011

@ssf_nepal

Social Security Fund Nepal

SSFNepal